फोन नं. : ०६७ ४३०१०२/१०३

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत

# विज्ञप्ती

महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को रोकथाम, नियन्त्रणका लागि नगर कार्यपालिकाले विभिन्न रणनीति तयार गरी कार्य गर्दै आएको छ । कोरोना भाइरसको संक्रमण भित्रन, फैलिन नदिन नगर कार्यपालिका सजग रहेको छ ।

फलेवास नगरपालिकाको समुदाय तहमा कोरोना भाईरस (कोभिड १९) को संक्रमण भए नभएको एकिन गर्न भाद्र १६, २०७७ मा वडा नं. ५ खानीगाउँ र वडा नं. २ थापाठाना केन्द्रमा ११ वटै वडाको प्रतिनिधित्व हुने गरी वढि जनसम्पर्क हुने व्यवशायी, विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी, सेवा केन्द्रका प्रतिनिधि, यातायातकर्मी, कृषि फार्मका किसान, होटल व्यवशायी, कपाल काट्ने, व्युटिसियन, विद्युतमा काम गर्ने, वैंकिङ क्षेत्रमा कार्यरत कर्मचारी, पत्रकार, शिक्षक, कर्मचारी, सुरक्षाकर्मि, राजनितिक दलका प्रतिनिधि, जनप्रतिनिधि र समुदायमा वढि क्रियाशिल रहेका ११५ जना व्यक्तिको स्वाव परिक्षणका लागि जनस्वास्थ्य प्रयोगशाला पोखरामा पठाईएकोमा परिक्षण गरिएका सवै स्वाव जाँचको रिर्पोट नेगेटिभ आएको हुंदा फलेवास नगरपालिकाको समुदाय तहमा कोभिड १९ को संक्रमण नफैलिएकोमा हामी उत्साहित भएका छौं ।

विदेशवाट आएका व्यक्तिहरुलाई सदरमुकामको क्वारिन्टाईनमा राखि, स्वाव परिक्षणमा नेगेटिभ आएकाहरुलाई समुदायको टोल क्वारेन्टाईन, पोजेटिभ आएकालाई गुप्तेश्वर क्याम्पसको अस्थायी कोरोना अस्पतालमा व्यवस्थापन गरिएको, समुदाय र नगरका सवै अंगहरु क्रियाशिल भई नगरपालिका क्षेत्रमा संक्रमण फैलिन नदिएको, संक्रमण रोकथाम तथा नियन्त्रणमा सफलता प्राप्त भएको छ । छिमेकी जिल्लाहरुमा संक्रमण समुदाय तह सम्म फैलिएको हुंदा आफु, आफ्नो परिवार र अन्य व्यक्तिहरुको सुरक्षाका लागि अझै सजगता अपनाउन, हरेक घरमा होम क्वारेन्टाइन व्यवस्थापन गर्न, सवै नगरवासीहरुलाई भौतिक दुरी कायम गर्न, धैर्य रहन, आफु र आफ्नो परिवारको स्वास्थ्यमा ख्याल गर्न र सरकारले अगाडी सारेका संक्रमण नियन्त्रण एवं रोकथामका उपायहरुलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरवासीहरुमा हार्दिक अपिल गर्दछौं ।

मिति : २०७७ साल भाद्र १९ गते

.........पद्मपाणी शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com